म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २५८ बुधबार, १७ बैशाख २०८२ ने. सं. ११४५ बछलाथ्व 30 April 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ४ केजी अफिम सहित थानाभऱ्याङका ठाकुरसिंह पक्राउ

हेटौंडा, १६ बैशाख/अबैध लागूऔषध अफिमसहित मकवानपुर प्रहरीले एकजनालाई नियन्त्रणमा लिएको छ । ३ किलो ८६० ग्राम लागूऔषध अफिमसहित हेटौंडा-११ थानाभऱ्याङका ठाकुरसिंह मोक्तानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दिउँसो ३ बजेको समयमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीटोलीले विशेष सूचनाका आधारमा मोक्तानको घरको खानतलासी गर्दा लागूऔषध अफिम फेला पारेको हो । मोक्तानले आफू सुत्ने कोठाको खाटमा लागूऔषध अफिम लुकाइछिपाइ राखेका थिए । प्रहरीका अनुसार मोक्तानलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट लागूऔषध कसुर मुद्दामा ४ दिनको म्याद अनुमति लिई थप अनुसन्धान अघि बढाइएको छ ।

### बागमतीका मन्त्रीहरुको कार्यसम्पादन समीक्षा:

# मन्त्रीको कार्यसम्पादन सन्तोषजनक रहेको मन्त्री काफ्लेको दाबी

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/बागमती प्रदेश सरकारको कार्यसम्पादनमा अर्थ मन्त्रालय र कर्मचारीका कारण समस्या भएको बताइएको छ ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम निर्माणका लागि बनेको दलीय कार्यदलको आयोजनामा मंगलबार भएको समीक्षा बैठकमा सहभागी मन्त्रीहरुले कर्मचारी व्यवस्थापन समस्या हुँदा कार्यसम्पादन कमजोर भएको बताएका हुन् । उनीहरुले प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले अनावश्यक रुपमा फाइल रोक्ने काम गरेकाले काम अघि बढाउन समस्या भएको बताएका थिए । अर्थमन्त्रीले बजेट कार्यक्रम कार्यान्वयन तथा विभिन्न योजनाको फाइल स्वीकृतिका लागि पठाउँदा रोक्ने काम गरेको मन्त्रीहरुले गुनासो गरेका थिए ।

धेरै मन्त्रीहरुको गुनासो र समस्या आएको थियो । विषेशगरी अर्थ मन्त्रालयबाट सहयोग नभएको गुनासो बढी आयो । अर्थ मन्त्रालयले समयमा नै फाइलहरु स्वीकृत नगर्दा, लामो समयसम्म अड्काएर राख्दा समस्या भएको मन्त्रीहरुको गुनासो आएको मन्त्रीहरुले बताए । विपद् व्यवस्थापन तथा अन्य योजनाको र कमान्तर तथा बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालयमा स्वीकृत गर्न प्रस्ताव तयार गरी पठाउँदा अर्थमन्त्रीको गृहजिल्लामा कति बजेट पठाउने भन्दै बार्गेनिङ गरेको गुनासो आएको छ ।



बजेट कार्यान्वयन तथा विकास निर्माणका काममा अर्थमन्त्रीबाट सहज वातावरण तयार नभएको मन्त्रीहरुको गुनासो रहेको बैठकमा सहभागीहरुले बताए । बैठकमा अधिकांश मन्त्रीहरुले अर्थमन्त्रीका कारण काम गर्न असहज भएको बताएका थिए । बैठकमा कार्यदलमा सहभागी संसदीय दलका नेता तथा सचेतकहरुले पनि अर्थमन्त्रीले मनोमानी ढंगबाट अघि बढेको बताएका थिए । उनीहरुले साझेदारी सरकारमा सहमतिअनुसार अघि बढ्नु पर्ने भएपनि अर्थमन्त्री फरक ढंगबाट चल्ने गरेको आरोप लगाएका थिए ।

बैठकमा मन्त्रीहरुले कर्मचारी व्यवस्थापन नहुँदा पनि काम गर्न समस्या भएको बताएका थिए । संघीय सरकारले तारान्तर सचिवहरु फेर्ने, कर्मचारीहरु जिम्मेवार नबन्ने, गम्भीरताका साथ काम नगर्ने समस्याका कारण कार्यसम्पादनमा कठिनाइ भएको बताएका थिए । बैठकमा आगामी आर्थिक वर्षको बजेट निर्माणमा तोकिएको सिलिङका सन्दर्भमा पनि मन्त्रीहरुले असन्तुष्टि व्यक्त गरेका थिए । यो विषयमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले विगतमा भएका कमीकमजोरी सुधार गरेर अघि बढ्ने बताएका थिए ।

बैठकपछि प्रतिक्रिया दिँदै मन्त्री काफ्लेले नीति नियमसंगत ढंगबाट मन्त्रालयहरुले काम गरेको बताए । प्रदेश सरकारले विगतको समस्या हलगर्दै आमनागरिकको हितमा काम गरेका उनले बताए । सरकारको रफ्तार निरन्तर बढी रहेको र सरकारका मन्त्रीको कार्यसम्पादन समग्रमा सन्तोषजनक रहेको उनको भनाई छ । मन्त्री काफ्लेले सरकारले आगामी आर्थिक वर्षको नीति कार्यक्रम र बजेटलाई व्यवस्थित गर्ने विषयमा मन्त्रालयले काम गर्नुपर्ने धारणा आएको बताए । सरकारको राजस्व संकलन, राजस्व चुहावट नियन्त्रणमा मन्त्रालय र कर्मचारीहरु गमिभर भएर लाग्नु पर्ने उनको सुझव थियो ।

आगामी आर्थिक वर्षको बजेटको तालमेलको विषयमा मन्त्रालय, मन्त्री र दलका नेताबीच छलफल गरिएको उनको भनाई छ । मन्त्री काफ्लेको अनुसार आर्थिक प्रगति प्राप्तिका लागि अर्थ मन्त्रालयले निर्देशनात्मक भूमिका खेलेको छ । साथै राजस्व चुहावटको विषयलाई लिएर विज्ञ समितिको प्रतिवेदनमाथि समीक्षा भएको छ । समीक्षा बैठकमा हालसम्म प्रदेश सरकारले सम्पादन गरेका काम कारबाही, आगामी नीति योजना, मन्त्रालयगत प्रगति र मुख्यतया बजेट सीमाका विषयमा छलफल गरिएको कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले बताए ।

उपनेता चित्रकारका अनुसार पछिल्लो समय सरकारको भौतिक तथा वित्तीय प्रगति वृद्धि भइरहेको छ । सरकारको बजेट र कम हरेक आर्थिक वर्षमा घटिरहेको अवस्थामा नागरिक केन्द्रित भएर आगामी बजेटलाई कसरी बढाउने भन्ने विषयमा छलफल गरिएको उनले बताए । मन्त्रालयले लक्ष्य अनुरुपको राजस्व रकम उठाउन पहलकदमी चाल्न निर्देशन गरिएको उनले बताए । बैठकले चालू आर्थिक वर्षको चैतसम्ममा बागमतीमा सरकारको कार्यसम्पादन सन्तोषजनक रहेको निष्कर्ष निकालेको उनले बताए ।

बैठकमा प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामासहित मन्त्रीहरु, एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, कांग्रेस संसदीय दलका उपनेता चित्रकार, प्रमुखसचेतक गोविन्द लम्साल, एमाले संसदीय दलका सचेतक मदुसुदन पौडेल लगायतको सहभागिता रहेको थियो ।

## श्रम सप्ताह कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/१३६ औं मे दिवस अन्तर्गत् श्रम सप्ताह कार्यक्रम सुरु भएको छ । अन्तर्क्रिया तथा छलफल गर्दै श्रम सप्ताह सुरु भएको हो । श्रम तथा रोजगार कार्यालय हेटौंडाको आयोजना तथा जिल्ला समन्वय समितिको समन्वय तथा सहकार्यमा कार्यक्रम भएको हो । प्रशिक्षक विजयकुमार वैद्यले निर्माण क्षेत्रका कार्यस्थलमा सुरक्षा र स्वास्थ्य सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । सामाजिक सुरक्षा कोष सिमराका कार्यालयप्रमुख सुमनकुमार गुप्ताले सामाजिक सुरक्षासम्बन्धी जानकारी मूलक कार्यपत्र प्रस्तुत गरेका थिए ।

संघसंस्थाआवद्ध श्रमिकबीच गोष्ठी तथा जनचेतनामूलक कार्यक्रममा सहभागी रोजगारदाता ट्रेड युनियन र कार्यालयका प्रतिनिधि र सरोकार वालालाई अभिमुखीकरण भएको हो । रुद्रनारायण साहको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलानको प्रमुख आतिथ्यता थियो । जिल्ला समन्वय अधिकारी शान्ति बिश्वकर्मा, नेपाल ट्रेड युनियन कांग्रेस मकवानपुर अध्यक्ष एम श्रेष्ठलगायत जिल्ला समन्वयका पदाधिकारीको उपस्थिति थियो । राष्ट्रव्यापी कार्यक्रम अन्तर्गत् पहिलो दिनको कार्यक्रम मकवानपुरमा गरिएको थियो । सिन्धुली, मकवानपुर, धादिङ र चितवनमा कार्यक्षेत्र भएको र पहिलो दिन मकवानपुरबाट सुरु भएको बताइएको छ । दोस्रो दिन चितवनमा समापन हुनेछ ।

# मनहरीमा सार्वजनिक जग्गामा बनाइएका घरटहरा भत्काइयो



साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/पश्चिम मकवानपुरको मनहरी गाउँपालिका-७ र ८ जोड्ने पक्की पुल बनाउँदा खारेज गरिएको पूर्वपश्चिम राजमार्गको जग्गा मिचेर बनाइएका १३ वटा घरटहरा भत्काइएको छ ।

मनहरी गाउँपालिका कार्यपालिका बैठकको निर्णयबमोजिम वडा ७ पुरानो बजारमा भएको सार्वजनिक जग्गा अतिक्रमणबारे सार्वजनिक सूचना जारी गरी घर टहरा भत्काउने क्रम सुरु भएको हो । कतिपय स्वयम् घरधनीले र कतिपय संरचना वडा कार्यालयले मेसिन प्रयोग गरी भत्काइएको ७ नं वडाध्यक्ष ठाकुरराम तितुङले बताए । पुरानो बजारक्षेत्रमा झण्डै ७० वटा घर टहरा रहेका छन् ।

तत्कालीन पूर्वपश्चिम राजमार्ग निर्माण गर्दा मनहरी खोलामा पक्की पुल बन्नुअघि दक्षिणतर्फ स्ल्याब ढलान बनाएर सवारी साधनहरु तार्ने प्रबन्ध गरिएको थियो । पछि पक्की पुल निर्माण भएपछि स्ल्याब ढलान क्षेत्र भएर जाने पुरानो बाटो बेवारिसे बन्दै गर्दा अतिक्रमण भएको हो । अतिक्रमण गरेर बनाइएको घर टहरालाई नक्सा बमोजिम खोजी गरी सफाइ गरिएको र तत्कालै बाटो खण्डमा नाला निर्माणसहित बगैंचा र सिमेन्टका टायल हाल्ने गरी बजेट व्यवस्थापन गरिएको वडाध्यक्ष तितुङले बताए ।

यो कार्यका लागि सहरी विकास मन्त्रालयबाट १ करोड विनियोजन भएको र यो बजेट ठेक्का प्रक्रियामार्फत कार्यान्वयनको क्रममा रहेको उनले जानकारी दिए । 'हामीले अतिक्रमण हटाएर साइड क्लियर गरेका छौं', वडाध्यक्ष तितुङले भने, 'अब ठेकेदारले सुन्दर सडक बनाउने छ ।'

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# कुलेखानी-सिस्नेरी सडकमा दवाब

हेटौंडालाई काठमाडौंसँग जोड्ने बैकल्पिक मार्गको खोजी भएको तीनदसक भयो । यो बीचमा धेरै सरकार आए गए त्यसको कुनै लेखाजोखा छैन । दुईदसक अघिदेखि संचालनमा आएको भीमफेदी-कुलेखानी-फर्पिङ सडक अहिलेपनि निर्माणाधीन नै छ । यो सडकमा यात्रा नगर्ने कमै होलान् । सबैले यो सडकमा यात्रा गर्दा सरकारलाई सराप्दै यात्रा गनरिरहेका हुन्छन् । गत असोजको बाढीबाट क्षतिग्रस्त कुलेखानी-सिस्नेरी-छैमले सडक पुन:निर्माणकार्यको बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमन मास्केले केहीदिन अघिमात्र अनुगमन गरेका छन् । मन्त्री मास्केसहित काठमाडौं दक्षिणकाली नगरपालिका प्रमुख मोहन बस्नेत, मन्त्रालयका सचिव अमृत श्रेष्ठ, यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका निर्देशक नवीन सिंह, प्रदेश राजधानी पूर्वाधार विकास विषेश आयोजनाप्रमुख देवनारायण यादवलगायतले अनुगमन गरेका थिए । मन्त्री मास्केले हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको सिस्नेरी-दक्षिणकाली सडक खण्डको लेनडाँडा, छैमलेलगायत क्षेत्रमा सडक निर्माणको क्रममा भएका अवरोध तथा समस्याबारे जानकारी लिएका थिए । उनले यो क्षेत्रका स्थानीय तथा जनप्रतिनिधि र सरोकारवालासँग छलफल गरेका थिए ।

मन्त्री मास्केले कुलेखानी सिस्नेरी खण्डका विपद् प्रभावित ३ खण्डको स्थलगत अवलोकन गरेका थिए । विपद्बाट क्षती पुगेको यो सडकको ३ खण्डमा ठेक्का लगाएर पुन:निर्माणको काम भइरहेको छ । यो ठेक्काको गुणस्तर, प्रगति, तथा व्यवस्थापनको विषयमा मन्त्री मास्केले अनुगमन गरेका हुन् । प्रदेश राजधानी पूर्वाधार विकास विशष आयोजनामार्फत् ठेक्का लागेर सडकको पुन:निर्माण तथा स्तरोन्नतिको काम भइरहेको छ । गत असोजको वर्षाका कारण यो सडक खण्डको ३ स्थानमा सडक बगाएको थियो । कुलेखानी जलाशयको पानीलाई निकास दिने क्रममा यो सडक खण्डको ३ स्थानमा करिव १ किलोमिटर सडक बगाएको थियो । जसमध्ये कुलेखानी जलाशय मुनीको सिमखोला पुलमा क्षती पुग्नुको साथै पहूँचमार्ग बगाएको थियो भने सिस्नेरी बजारमा २५० मिटर र ज्यामिरे खण्डमा ७०० मिटर सडक बगाएकोथियो । यो खण्डको सडक बगाउँदा प्रदेश सरकारको २० करोड रुपैयाँको आर्थिक क्षती भएको प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयले बताएको छ । ट्र्याकसमेत नभेटिने गरी बाढीले सडक बगाएपछि करिव एक महिना हेटौंडा-काठमाडौं सम्पर्क टुटेको थियो । तत्कालका लागि सडक खुलाउन सिस्नेरी खोलाको बगरबाट नै यातायात संचालनको व्यवस्था गरिएको छ । हाल यो सडकअन्तर्गतको ज्यामिरे र सिस्नेरी खण्डको लागि २ वटा ठेक्का सम्झौता भइ काम जारी रहेको छ । यो खण्डमा प्लम्प वाल सहित मेसिनरी वाल लगाएर सडकको ट्र्याक निर्माणको काम भइरहेको छ । सिमखोलामा बेलीब्रिज हाल्ने कार्य अघि बढाइएको छ । यो बेलिब्रिजको पनि गतिलै कहानी अगाडि आएको छ । खोलामा पुल हाल्नु पर्ने उपयुक्त स्थानमा पुल बनाउन स्थानीयले अबरोध गरिरहेका छन् । जोखिमको दृष्ट्रिकोणले सुरक्षित स्थानमा पुल हाल्न नदिने स्थानीयबासीको अवरोध छिचोल्न प्रदेश सरकार लाचार बनेको छ र पुरानै स्थानमा बेलिब्रिच हाल्न बाध्य भएको छ ।

असारसम्ममा ट्र्याक तयार गरी ग्राभेल सडकबाट यातायात संचालनको तयारी मन्त्रालयले गरिरहेको छ । निर्माण व्यवसायीलाई कार्ययोजना सहित काम गर्न निर्देशन दिइएको छ । ठेक्का लागेका क्षेत्रको काम छिटो सक्न निर्देशन दिएका मन्त्री मास्केले नागरिकको सहज यात्राका विषयमा कुनै बहनाबाजी नगरी काम नगर्न चेतावनी दिए । मन्त्रालय र मातहतका निकायले ठेक्का लगाएका क्षेत्रमा भएका काम गुणस्तरीय र पारदर्शी गर्न उनले आग्रह गरे । निर्माण व्यवसायीको भुक्तानी तथा समन्वयमा प्रदेश सरकारबाट कुनै समस्या नहुने बताइएको छ । निर्माण व्यवसायीले कुनैपनि बाहनामा काममा आलटाल गर्न नहुने, समस्या भएका स्थानमा स्थानीय तह, प्रदेश सरकार लगायत निकायले समन्वय गर्ने मन्त्री मास्केले बताएका छन् । नागरिकलाई समस्यामा राख्ने, आलटाल गरेर समय लम्ब्याउने काम निर्माण व्यवसायीबाट भएमा मन्त्रालयले कारवाही गर्ने मन्त्री मास्केले चेतावनी दिए । सडक निर्माणका क्रममा भएका समस्याका विषयमा छलफलमा आउन उनले आग्रह गरे । केही स्थानमा स्थानीयबाट सडक निर्माणमा भएको अवरोध हटाउन र सहज वातावरण तयार गर्न आफूहरु तयार रहेका उनले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख १८ गते बिहीबार १ मे २०२५ । चतुर्थी, बैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२७, सूर्यास्त ६: ३७ । श्रमिक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# शिक्षकहरूले खोजेको लोकतन्त्र



✍ रन्जित तामाङ



'भनिन्छ अघाएको मानिसले भोको मानिसको पीडा अनुभूति गर्न सक्दैन । त्यस्तै लोकतन्त्रको चिर हरण गर्नेहरूले लोकतन्त्रको मूल्य अनुभूत गर्न पनि सक्दैनन् ।'

वैशाख ११ गतेलाई लोकतन्त्र दिवसको रुपमा मनाउने गरिन्छ । प्रधानमन्त्रीको नेतृत्वमा उक्त दिन काठमाडौंमा लोकतन्त्र जितेको दिनको रुपमा युवा सेलिब्रेसन कार्यक्रम हुँदै थियो । लोकतन्त्र भन्ने बित्तिकै 'लोक र तन्त्र' अर्थात जनताको तन्त्र भनेर बुझिन्छ तर प्रधानमन्त्रीले लोकतन्त्रमा जनताले जितेको दिनको कार्यक्रम गर्दै गर्दा बबरमहलको सडकमा भने हराएको लोकतन्त्रको खोजी गरिदै थियो । सम्भवत: लोकतान्त्रको यो नै एक विचित्र चित्र होला ।

२७ दिनदेखि आफ्नो पेशागत हक हित र अधिकारको पक्षमा काठमाडौँका सडकहरूमा उत्रिएका हजारौं शिक्षकहरूलाई प्रधानमन्त्रीको लोकतन्त्रले देखेन । प्रधानमन्त्रीले भनेको 'जनताले जितेको दिन' भृकुटीमण्डपको सडकमा लोकतन्त्रले जितेको खुसीयाली सेलिब्रेसन हुदै गर्द,नजिकैको अर्को सडकमा शिक्षकहरु भने हारिरहेका थिए । जनताले जितेको दिनको अनेक व्ुयाख्या, बढाइचढाइ गर्दै प्रधानमन्त्री ओलीले लोकतन्त्रको दुहाइ दिइरहेका थिए ।

तर काठमाडौँका सडकहरूमा अनेकौं लाञ्छना, अपमान र पीडाका साथ देशको शिक्षा क्षेत्रको जिम्मा लिने शिक्षकहरु भने लोकतन्त्रमा पनि पाउन नसकेको अधिकारको माग गरिरहेका थिए । यी दुई चित्रहरुलाई हेर्दा प्रष्ट हुन्छ कि, ओलीलाई आएको लोकतन्त्र र शिक्षकहरुले बुझेको लोकतन्त्रको बीचमा धेरै फरक छ ।

प्रधानमन्त्री केपी ओलीलाई देश र जनताले राम्रोसँग चिनेको छ । उनको कथनी र करणीमा कति भिन्नता छ भन्ने कुरा भनिरहनु पर्दैन । यिनै प्रधानमन्त्री जसले २०८० सालमा भएको शिक्षक आन्दोलनलाई समर्थन गरेका थिए ।आफू विपक्षमा हुदा बोलेका कुरलाई मात्रै लागु गरेको भए शिक्षकहरुलाई काठमाडौं आउनै पर्थेन । आउने परे पनि केही दिनमै फर्किसकेका हुन्थे ।

लोकतन्त्रमा जनताले जितेको दिन र लोकतन्त्रको बारेमा राष्ट्रिय सभागृहमा लामो गफ दिएको भोलिपल्टै शिक्षकहरुमाथि ओलीतन्त्रको लाठी बज्रियो । प्रहरीद्वारा अन्धाधुन्द गोली, लाठी,अश्रु, पानीको फोहरा हानेर बानेश्वरको सडकमा ओलीतन्त्रले नाङ्गो नाच देखायो ।

*आदरणीय सर म्यामहरु !*

तपाईहरुले उठाएको पेशागत र न्यायपूर्ण मागहरूप्रति ऐक्यबद्धता जनाउँदै हामीले ओलीतन्त्रकाविरुद्ध साथ दिएका हौं । र भनेका हौ ओलीतन्त्र देशको अभिशाप बन्यो, ओलीतन्त्रलाइ पराजित नगर्दासम्म न्यापूर्ण आवाज सम्बोधन हुने छैन । अर्थात ओलीतन्त्र रहदासम्म लोकतन्त्र पराजित भइरहन्छ ।

रोचक त यो छ कि गफ चुटेकै भरमा विभिन्न चारवटा विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूबाट मानार्थ उपाधि प्राप्त गरिसकेका प्रधानमन्त्री केपी ओली शिक्षकहरूको मागको विषयमा भने अनुदार मात्र होइन निरंकुश शैलीमा प्रस्तुत भएका छन् । उनका गैरजिम्मेवार अभिव्यक्ति,अशोभनीय छुद्रता झनै लज्जास्पद छ ।

यो सबै देख्दा सम्भवत: केपी ओलीलाई मानार्थ विद्यावारिधिको पदावली दिने विश्वविद्यालयहरू र विश्वका आम शिक्षित समुदायले केपी ओली प्रधानमन्त्री हुँदाका बखतमा शिक्षकहरुलाई गरेको व्यवहार र प्रतिपक्षमा हुँदाखेरी चुहाएको गोहीको आँसुको तुलना गर्ने हो भने सम्भवत : केपी ओलीलाई दिएको मानार्थ उपाधि पनि फिर्ता गर्ने अवस्था छ ।

अहिले शिक्षकहरूले उठाइरहेको विषय कुनै राजनीतिक विषय छैन । यो विशुद्ध पेशागत र शिक्षकहरूको हकहित र अधिकारका मुद्दा र एजेन्डाहरु छन् । जुन शिक्षक महासंघले यसको नेतृत्व गरेको छ, त्यसमा सबै विचार, आस्था राख्ने र विभिन्न पार्टीहरुसँग निकटस्थ सम्बन्ध भएका शिक्षक संघ संगठनहरु छन् । अर्थात राजनीतिक विचारमा आवद्ध भएका नभएका सबै एक भएर आफ्ना माग राखेका छन् । उनीहरु आफ्ना विचारभन्दा माथि उठेर पेशागत हकहितका लागि काठमाडौं आएका हुन् ।

शिक्षकहरूले उठाएका मागहरू कुनै अमिल्दो असम्भव र जटिल भने छैन । संविधान बनेको १० वर्षसम्म ऐन नबन्दा यसमा भएका कमीकमजोरीहरूको सिंहावलोकनसहित कतिपय व्यावहारिक जटिलताहरुलाई हल गर्नुपर्ने कुराहरु शिक्षकहरुले उठाएका छन् । शिक्षकले उठाएका माग सम्बोधन गर्न संविधान संशोधन गर्नुपर्ने छैन ।

तर ओली सरकारले शिक्षकहरूका पेशागत हकहित र अधिकारको सामान्य मुद्दालाई पनि राजनीतिक मुद्दाको रुपमा लिएको छ । शिक्षकहरूको जायज मागहरुलाई सम्बोधन गर्नुको सट्टा चिड्याउने, उनीहरुलाई उत्तेजित बनाउने अनि भड्काउने खालका गैरजिम्मेवारपूर्ण व्यवहार गरिएको छ । जसको परिणाम झण्डै १ महिनादेखि आन्दोलन जारी छ र यो अनवरत चलिरहने देखिन्छ ।

वि.सं. २०७२ मा बनेको संविधान अनुरुप ३ वर्षभित्रमा सबै ऐनहरु बनिसक्नुपर्ने आवश्यकता थियो । तर शिक्षा ऐन अहिलेसम्म बन्न सकिरहेको छैन । अहिले नेपालको शिक्षा ऐन २०२८ को नवौं संशोधनद्वारा टालटुल गरेर चलिरहेको छ । जसरी राजनीतिक क्षेत्र टालटुल अवस्थामा छ, त्यसरी नै शिक्षा क्षेत्र पनि सबैभन्दा पुरानो पञ्चायतले ल्याएको राजतन्त्रले स्थापित गरेको शिक्षा ऐन २०२८ बाट निर्देशित रहेको छ ।

खासमा २०२८ को शिक्षा ऐनको प्रतिस्थापन ऐनको रुपमा शिक्षा ऐन आउनुपर्ने हो । संविधानले मौलिक अधिकारको रुपमा शिक्षा क्षेत्रलाई अनिवार्य आवश्यकता र नैसर्गिक अधिकारको रुपमा व्याख्या गरेको राज्यको निर्देशक सिद्धान्तले समेत राज्यको दायित्वको रुपमा परिभाषित गरेको शिक्षा बनाउनको निम्ति केपी ओली कहिल्यै पनि जिम्मेवार बनेन् ।

संविधान बनिसकेपछी शिक्षा क्षेत्रको समग्र पुनरसंरचना र पुननिर्माणका निम्ति उच्चस्तरीय शिक्षा आयोग बनाइयो । र त्यो उच्चस्तरीय शिक्षा आयोगले नेपालको आधारभूत तहदेखि उच्च शिक्षासम्मको प्राविधिकदेखि गैरप्राविधिक धारसम्मको शिक्षाको योजना खाका तयार भयो ।

नेकपाको बहुमतपछि प्रधानमन्त्री बनेका केपी ओलीले उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनलाई स्वीकार गर्न मानेनन् जुन उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनले निजी शैक्षिक संस्थाहरुलाई गैरनाफामुखी संस्था, गुठी वा सहकारीबाट चलाउने प्रस्ताव गरेको थियो त्यो प्रतिवेदन उनलाई स्वीकार्य भएन ।

किनकि निजी शैक्षिक संस्थावालाहरूले उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन रोक्न चाहेका थिए । उनीहरूलाई संरक्षण गर्नको लागि केपी ओलीले उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन रोकेर उच्चस्तरीय शिक्षा आयोगको पुनर्गठन गरियो,जसमा निजी शैक्षिक संस्थाको तर्फबाट समेत प्रतिनिधि राखियो ।

निजी शैक्षिक संस्थालाई संरक्षण गर्ने गरी उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन तयार गर्ने योजना बनाइयो तथापि अन्य विज्ञहरुले निजी शैक्षिक संस्थालाई नियमन, नियन्त्रण र निगरानी गर्ने मात्रै होइन निजी शैक्षिक संस्थाहरूलाई गैरनाफामुखी बनाउने योजना पास भइसकेपछि सार्वजनिक गर्नुपर्ने उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन केपी ओलीले सदाका लागि लुकाउन चाहेका भए पनि प्रचण्ड प्रधानमन्त्री भएका बेलामा शिक्षामन्त्री सुमना श्रेष्ठले उक्त प्रतिवेदन सार्वजनिक गरेकी थिइन् ।

यसकारण पनि केपी ओली नेपालको शिक्षा क्षेत्रको रुपान्तरणको बारेमा आदर्शका कुरा गरेर जनतालाई भ्रम छर्न चाहिरहेका छन् । भित्री रूपमा उनी निजी शैक्षिक संस्थालाई संरक्षण र सम्बर्धन गर्ने र सार्वजनिक शिक्षा क्षेत्रलाई अस्तव्यस्त र ध्वस्त बनाउने एक पात्रको रुपमा उभिएका छन् ।

केपी ओलीबाट शिक्षा क्षेत्रको रुपान्तरण सम्भव छैन । देशको आवश्यकता, संविधानको भावना अनुसारको शिक्षा ऐन ल्याएर शिक्षकहरूको जायज माग पुरा गर्ने अनि पेशागत हक हित र अधिकारको बारेमा उनी विगतमा पनि सकारात्मक थिएनन् । आज पनि सकारात्मक छैनन् र भोलि पनि सकारात्मक हुने छैनन् । देशभर करिब एक महिनादेखि जारी शिक्षक आन्दोलनले शिक्षा क्षेत्र नै अस्तव्यस्त बनाएको छ । आन्दोलन सहजै रोकिने सम्भावना देखिँदैन । शिक्षाजस्तो संवेदनशील क्षेत्रमा दीर्घकालीन असर पार्न सक्ने यस्ता आन्दोलनप्रति सरकार र राजनीतिक दलहरू दुवै जिम्मेवार बन्नु अपरिहार्य छ ।

यस सन्दर्भमा ओली नेतृत्वको सरकारले शिक्षकहरूको जायज मागहरू सम्बोधन गर्ने ठोस संकल्प गर्न आवश्यक छ । केवल आश्वासन होइन, व्यवहारमा प्रतिबद्धता देखाउनुपर्ने बेला आएको छ । संसदमा सम्पूर्ण राजनीतिक दलहरूको तर्फबाट साझा प्रतिबद्धता जाहेर गरी आन्दोलनरत शिक्षकहरूसँग संवादको वातावरण बनाउनुपर्छ ।

सरकारले शिक्षकहरूका मागलाई दमन र दवावका माध्यमबाट होइन, सकारात्मक वार्ता र समाधानका माध्यमबाट सम्बोधन गर्नुपर्छ । नयाँ शैक्षिक सत्र सहज रूपमा सञ्चालन गर्न सकिने अवस्था सिर्जना गर्नु आजको आवश्यकता हो । शिक्षामन्त्रीले जिम्मेवार, जवाफदेही र उत्तरदायी भूमिका निर्वाह गर्नु अनिवार्य छ । शिक्षकहरूले उठाएका सवालहरू शिक्षा क्षेत्रको गुणस्तर सुधारसँग प्रत्यक्ष सम्बन्धित छन्, त्यसैले ती मागहरूलाई गम्भीरतापूर्वक लिई व्यवहारिक समाधान दिन ढिलाइ गर्नु हुँदैन ।

साथै, अन्य राजनीतिक दलहरूले पनि शिक्षालाई राजनीतिक लाभको साधन नबनाई आन्दोलनको उचित र स्थायी निकास खोज्न सक्रिय पहल गर्नुपर्छ । शिक्षा राष्ट्रको मेरुदण्ड हो । शिक्षाको अस्तव्यस्तताले केवल वर्तमानलाई होइन, भविष्यलाई पनि खतरा पुर्‍याउँछ ।

अत: अब सबै पक्ष मिलेर शिक्षक आन्दोलनको सकारात्मक, दीर्घकालीन र न्यायोचित समाधान निकाल्न अग्रसर हुनुपर्दछ । यही नै राष्ट्रको हितमा हुने सत्य हो ।

*(साभार: अनलाइन्खबर)*

# साना तथा मझौला उद्योगको आईपीओमा किन परेन आवेदन ?

✍ रमेश कुमार भट्टराई

नेपाल स्टक एक्सचेन्जमा सूचीकृत सबै साना मझौला र ठुला कम्पनीहरूको शेयर कारोबार अहिलेको मुख्य प्रणाली अर्थात् एउटै इन्डेक्सबाट भइरहेको छ । एउटै प्रणालीबाट हुँदा साना कम्पनीहरूको शेयर मूल्यमा अस्वाभाविक उतार चढावले समग्र बजारलाई प्रभावित पारिरहेको छ ।

साना कम्पनीहरूको शेयर भोल्युम कम हुने भएकोले कर्नरिङ गरी आफूखुसी मूल्य घटबढ गराउने गरिएको प्राय: सुन्ने गरिएको छ । नोक्सानमा भएको, वित्तीय अवस्था नाजुक भएको र सुशासन नभएको साना कम्पनीहरूको शेयर मूल्य अस्वाभाविक रूपमा बढाई टाठाबाठाले साना लगानी कर्तालाई फसाउने गरेको समाचार पनि बेला बेलामा आइरहेको पाइन्छ ।

साना कम्पनीहरूको शेयर कारोबारमा भइरहेको यो विकृति रोक्न तथा साना कम्पनीहरूलाई सहज तरिकाले पुँजी बजारमा भित्र्याउन नेपाल धितो पत्र बोर्डले साना तथा मझौला कम्पनीहरूको शेयर कारोबार छुट्टै गराउन SME Platform को अवधारणा ल्याएको छ । मन्त्रिपरिषद्ले गएको २०८१ पौष ५ गते "साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली २०८१" स्वीकृत गरेपछि साना कम्पनीहरूलाई पनि आइपीओ निष्कासनको बाटो खुलेको हो ।

अव थोरै पुंजीमा सञ्चालित पब्लिक लिमिटेड कम्पनी वा नयाँ सञ्चालन गर्न चाहने उद्योग व्यवसायलाई बजारबाट पुँजी सङ्कलन गरी व्यवसाय बिस्तार गर्न सहज हुने भएको छ । मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेपछि धितो पत्र बोर्डले गएको माघ पहिलो हप्ता यस सम्बन्धी नियमावली सार्वजनिक गरेको थियो ।

साना तथा मझौला व्यवसायको धितोपत्र निष्कासन तथा कारोबारको नियमावली २०८१ आउनु अघि बजारमा थुप्रै साना तथा ठुला उद्योग व्यवसायले आईपीओमा लैजाने लोभ देखाएर सर्वसाधारण सँग करोडौं, अर्वौं पुँजी सङ्कलन गरिरहेका थिए । बैंकको ऋणमा डुबेका, वर्षौंदेखि नोक्सानमा रहेका, प्रा.लि. वा लिमिटेड कम्पनी भएतापनि निजी स्वामित्व र लहडमा चलिरहेका, सुशासन नभएका, न्यून व्यवसाय भएका करिब करिब डुब्ने चरणमा रहेका अधिकांश कम्पनीहरू आईपीओमा जाने योजना बनाएर तथा नयाँ कम्पनी भए पनि खोलेर आईपीओमा लैजाने र क्यापिटल गेनको लोभ देखाएर, हल्ला गरेर करोडौं अर्बौं रकम उठाइएको हामी धेरैलाई थाहा भएकै हो ।

तर नेपाल धितोपत्र बोर्डको साना तथा मझौला उद्योगको धितोपत्र निष्कासन तथा कारोबार नियमावली २०८१ आइसकेपछि आईपीओ निष्कासन सम्बन्धमा धेरै कुरा प्रस्ट हुँदै आएको छ । २५ करोड सम्मको कम्पनीलाई यो ग्रुपमा राखेर सर्वसाधारणमा शेयर जारी गर्न केके सर्त पूरा गर्नु पर्छ भनेर नियमावलीले स्पष्ट भनेको छ । अव हिजोको जस्तो नियमावली नभएको अवस्थालाई यो निर्देशनले अन्त गरेको छ । धेरै कुराहरू स्पष्ट भएको छ ।

साना तथा मझौला उद्योग व्यवसायको धितोपत्र निष्कासन तथा कारोबार नियमावली २०८१ आएको चार महिना बितिसकेको छ । नेपाल धितोपत्र बोर्डको अधिकृतको भनाइमा अहिले सम्म आईपीओको लागि एउटा पनि आवेदन परेको छैन । हिजोसम्म आइपीओ निकाल्ने भन्ने अनेकौं कम्पनीले झुक्काएर वा लोभ देखाएर करोडौं शेयर रकम उठाए । तर नियमावली आएको चार महिना बितिसक्दा पनि न त पुराना चलिरहेका साना तथा मझौला कम्पनी निवेदन दिन आए न त करोडौं संस्थापक शेयर रकम उठाउने कम्पनी नै आईपीओको लागि धितोपत्र बोर्डमा आउन सके ।

अव प्रश्न उठ्न सक्छ, २५ करोड सम्मका साना कम्पनीहरूलाई सहज तरिकाले बजारबाट पुँजी सङ्कलनको बाटो खोलेता पनि किन कोही आवेदन लिएर आएन ? उत्तर स्पष्ट छ धितोपत्र बोर्डले आईपीओ निष्कासनका लागि तोकेको आधारभूत सर्तहरू पुरा गर्ने गरी साना तथा मझौला उद्योग सञ्चालन नभएकाले आउन नसकेका हुन् । आईपीओमा जान चाहनेलाई सो बमोजिम व्यवस्थित हुन एकदेखि दुई वर्ष लाग्न सक्छ । साना कम्पनीहरूले पूरा गर्न नसकेका सर्तहरू निम्न हुन सक्छन् ।

क) आइपीओ निष्कासनको लागि पब्लिक कम्पनीको रूपमा कारोबार सञ्चालन गरी एक आर्थिक वर्षको पूरा अवधि पार गरेको हुनुपर्छ । लिमिटेड कम्पनी भएपछि कानुनी झमेला बढ्छ , आफ्नो एकल स्वामित्व रहन्न, आफूखुसी चलखेल गर्न पाइन्न भनेर प्राय: सबैले प्रा.लि. कम्पनी चलाएर बसेका छन् ।अव तीनलाई लिमिटेडमा परिवर्तित भई एक आर्थिक वर्ष पुरा गर्न आ.व. ०८२/०८३ कुर्नै पर्दछ । त्यसपछि मात्र आवेदन दिन पाउँछन् ।

ख) प्रचलित कानुन बमोजिम लेखा परीक्षण र साधारण सभा सम्पन्न गरेको हुनु पर्दछ ।अव लिमिटेड भएकै छैनन् । आषाढ भित्र भएर पनि २०८२/०८३ को लेखा परीक्षण र साधारण सभा गर्न अबको एक वर्ष ६ महिना त पक्कै लाग्ने देखिन्छ ।

ग) संस्थापकहरूले लिन कबुल गरेको शेयर रकम शतप्रतिशत चुक्ता भइसकेको हुनुपर्दछ । २५ करोड सम्ममा अधिकांश उद्योग व्यवसाय हचुवा तालमा चलेका छन् । एकाउन्टिङ व्यवस्थित छैन । भ्याट र आयकर बचाउन भनेर बिक्री नगदमा गर्ने गरेका छन् । पुँजी कम राखेर कर्जा बढी देखाएका छन् । उद्योग व्यवसायमा आफ्नो लगानी न्यून छ वा गरेको लगानी बैंक कर्जा लिएर विभिन्न शीर्षकबाट उठाइसकेका छन् । २५ करोडको ७० प्रतिशत चुक्ता पुँजी मिलाउन नै उनीहरूलाई महाभारत छ । मिलाउँदा मिलाउँदै एक दुई वर्ष लागि हाल्छ ।

घ) सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरिने शेयर न्यूनतम ३० प्रतिशतको २० प्रतिशत मर्चेन्ट बैंकर र तोकेको संगठित संस्थाले लिएको हुनुपर्छ । तोकेको संस्था भन्नाले सूचीकृत कम्पनी, म्यूचुअल फण्ड, मर्चेन्ट बैंकर, मान्यता प्राप्त अवकाश कोषहरू हुन् ।अव व्यवस्थित रूपमा नचलेका २५ करोड भित्रका कम्पनीहरूलाई शेयर लगानी गर्ने यस्ता संस्था पाउनै गारो छ । अनि आइपीओको लागि आवेदनको तयारी गर्न अझै वर्षौं लाग्न सक्छ ।

माथिका मुख्य मुख्य सर्तहरूको साथै निष्कासन गरिने शेयरको प्रत्याभूति कार्य, मर्चेन्ट बैंकरसँगको सम्झौता, कालोसूचीमा नपरेको र सम्पत्ति शुद्धीकरणमा दोषी नभएको, आइपीओको शेयर लिनेले कम्तीमा ५०० कित्ता लिनु पर्ने, लिमिटेड कम्पनीको उद्देश्य अनुरूप कारोबार सञ्चालन गर्न सम्बन्धित निकायबाट इजाजत लिएको हुनु पर्ने र कम्तीमा ३० प्रतिशत शेयर निष्कासन गर्नै पर्ने प्रावधान कतिपय उद्योगी व्यवसायीमा मन नपरेको कारण पब्लिक कम्पनी सञ्चालन गरेता पनि धितो पत्र बोर्डमा आवेदन नदिएको हुनुपर्छ ।

सहकारी र मिटरब्याजी बाट लाखौं नेपाली ठगिएर पीडित भएका छन् । साना तथा मझौला कम्पनीको धितोपत्र (शेयर) निष्कासन नियमावली २०८१ आउनु अघि आइपीओ निष्कासन र क्यापिटल गेनको लोभ दिएर दसौं बिसौं कम्पनीले करोडौं अर्बौं रकम उठाएका छन् । ती कम्पनीहरू तथा हाल सञ्चालनमा रहेका हजारौं प्रा.लि. कम्पनीहरूले धितोपत्र बोर्डको आइपिओ निष्कासनको सर्तहरू पुरा गर्न नसक्ने भएकोले सर्वसाधारणमा शेयर निष्कासनको प्रक्रियामा जान सक्ने अवस्था छैन । आइपीओमा जान सक्ने सही कम्पनीहरू पनि पर्ख र हेरको स्थितिमा छन् ।

ढिलै भए पनि नेपाल धितोपत्र बोर्डले साना तथा मझौला कम्पनीको शेयर निष्कासन सम्बन्धी सही र व्यवस्थित नियमावली जारी गरेको छ । सर्वसाधारणलाई आइपीओको नाममा ठग्ने र फसाउने कार्यलाई यसले नियन्त्रण गर्नेछ । गलत व्यवसायीको दबाबमा धितोपत्र बोर्डले यो नियमावली परिवर्तन गर्न हुँदैन । उद्योग व्यवसायमा रहेको विकृति र कुशासनलाई व्यवस्थित गर्न केही समय पक्कै पनि लाग्छ । एक वर्ष ढिलै भए पनि २५ करोडभित्रका सही पब्लिक कम्पनी शेयर निष्कासनको आवेदन लिएर पक्कै आउने आशा गर्न सकिन्छ ।साथै बजारबाट पुँजी संकलन गरी व्यवसाय मुनाफामा चलाउने र व्यवसाय बिस्तार गर्नेले पनि अहिले देखि नै धितोपत्र बोर्डले तोकेको सर्त र व्यवस्था पालना गर्नेछन् भनी विश्वास गरौं । सुशासन कायम गर्नमा जोड दिऊ, आवेदन परेन भनेर चिन्ता लिन छोडौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'कछुवा गति' मा राष्ट्रिय गौरवका ६ सिँचाइ आयोजना

काठमाडौं/सरकारले उच्च प्राथमिकता दिएर अगाडि बढाएका राष्ट्रिय गौरवका दुई दर्जन आयोजनामध्ये सबैभन्दा सुस्त गतिमा सिँचाइ क्षेत्रका आयोजना देखिएका छन् । सिँचाइतर्फका कतिपय यस्ता आयोजना छन्, जसको निर्माण सुरु भएकै अवधि साढे ३ दशक नाघिसकेको छ । तर, कमजोर कार्यान्वयन क्षमताको शिकार यी आयोजना बनेका छन् ।




जलस्रोत तथा सिँचाइ विभागका अनुसार नेपालको कुल क्षेत्रफल १ करोड ४७ लाख १८ हजार १ सय हेक्टरमध्ये ३५ लाख ५७ हजार ७ सय हेक्टर जमिन कृषियोग्य छ । तर, सतह र भूमिगत जलस्रोतबाट अहिलेसम्म २५ लाख ३६ हजार ३ सय १९ हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ । यसमा पनि परम्परागत सतह र भूमिगत जलस्रोतको भूमिका बढी छ ।

नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा सबैभन्दा धेरै योगदान कृषि क्षेत्रले गरिरहेको छ । तर, सिँचाइ आयोजनाको गति हेर्दा राज्यको काममा 'कछुवा शैली' प्रष्ट देखिन्छ । सिँचाइमा सरकारले ६ आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको सूचीमा राखेको छ । जसमध्ये अधिकांश आयोजनाको आयु एक दशकभन्दा बढी भइरहेको छ ।

**बबई सिँचाइ आयोजना**

यो आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०४५/४६ बाट नेपाल सरकारले आफ्नै स्रोतबाट सुरु गरेको थियो । बर्दिया जिल्लामा ३६ हजार हेक्टर कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य आयोजनाको छ ।

साढे तीन दशक पुरानो यो आयोजनाको २०८०/८१ सम्म भौतिक प्रगति ७२ प्रतिशतमात्र पुगेको छ । कुल संशोधित लागत १८ अर्ब ९६ करोड रहेकोमा आयोजनाले १३ अर्ब ४३ करोड खर्च गरिससकेको छ । यो आयोजना सम्पन्न गर्ने लक्ष्य २०८२/८३ मा रहे पनि उक्त अवधिमा सम्पन्न नहुने निश्चित रहेको विभागले जनाएको छ ।

**रानी जमरा कुलरिया सिँचाइ आयोजना**

यो आयोजना कैलाली जिल्लामा कार्यान्वयनमा छ । कृषकले निर्माण गरी व्यवस्थापन समेत गरेको यो सबैभन्दा ठूलो सिँचाइ प्रणाली समेत हो । महाकाली नदीको मुख्य स्रोत रहेको यो आयोजना १२० वर्ष अगाडिको सिँचाइ प्रणालीमा आधारित छ ।

नेपाल सरकारले यस प्रणालीलाई आधुनिकीकरण गर्न २०६६/६७ बाट राष्ट्रिय गौरवको आयोजनाका रूपमा समावेश गरेको हो । यो आयोजना सम्पन्न भएपछि १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने विभागले जनाएको छ । २३ हजार ६ सय २२ घरधुरीका १ लाख ४२ हजार ३ सय ६६ मानिस प्रत्यक्ष लाभान्वित हुनेछन् । आयोजनाको २०८०/८१ सम्मको भौतिक प्रगति ७०.७९ प्रतिशतमात्र पुगेको छ । कुल संशोधित लागत २९ अर्ब ५९ करोड ७७ लाख रहेको यस आयोजनाको सम्पन्न गर्ने लक्ष्य अवधि २०८५/८६ रहेको छ ।

**भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना**

नेपालका हिमनदी स्रोत भएका नदीको पानीलाई मझौला नदीमा पथान्तरण गरी बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले अगाडि बढेको आयोजना हो भेरी-बबई डाइभर्सन ।

जापानी सहयोग नियोग (जाइका) ले सन् १९९८ मा गरेको सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकनका आधारमा विभागले यो आयोजना अगाडि बढाएको थियो । भेरी नदीको पानी बबई नदीमा खसाली जलविद्युत् उत्पादन लक्ष्यसहित आयोजना कार्यान्वयन थालिएको हो ।

आयोजनाको कार्यालय सुर्खेतमा २०६८ सालमै स्थापना गरी औपचारिकता दिइएको हो । निर्माण कार्य भने २०७१/७२ देखि सुरु गरिएको हो । संशोधित लागत ३६ अर्ब ८० करोड ७७ लाख रुपैयाँ रहेको आयोजनाको सम्पन्न हुने अवधि २०८४/८५ तोकिएको छ ।

डाइभर्सन आयोजनामा ३३ अर्ब १९ करोड र भेरी करिडोर विकास आयोजनामा ३ अर्ब ६१ करोड रुपैयाँ खर्च गर्ने लक्ष्य छ । आयोजनाबाट बाँके र बर्दियाका ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने छ भने ४६.८ मेगावाट बिजुली उत्पादन हुनेछ ।

**सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना**

यो आयोजना सिन्धुली र रामेछाप सीमानास्थित सुनकोशी नदी र मरिन नदीमा आधारित छ । सुनकोशी नदीको पानीलाई बाँध बाँधेर १३.३ किलोमिटर लामो सुरुङमार्फत मरिन नदीमा खसाली बागमती नदी हुँदै बागमती सिँचाइ आयोजनामा पानी पुर्‍याउने लक्ष्य लिइएको छ ।

यसबाट अहिले सिँचाइ भइरहेको ४५ हजार ६ सय हेक्टर सहित धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य लिइएको छ ।

आयोजनाको कुल लागत ४९ अर्ब ४२ करोड रुपैयाँ छ । यो आयोजनाको शिलान्यास २०७७ सालमा भएको हो । आयोजनाको सुरुङ निर्माणको काम सम्पन्न भई २६ वैशाख २०८१ मा ब्रेक थ्रु गरिएको हो । त्यसबाहेक कामको प्रगति सुस्त हुँदा समग्र भौतिक प्रगति ३०.९६ प्रतिशतमात्र छ ।

**सिक्टा सिँचाइ आयोजना**

बाँके जिल्लामा रहेको यो आयोजनाबाट ४२ हजार ७ सय ६६ हेक्टर भूमिमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखिएको छ । आयोजना २०६१/६२ देखि सुरु भएको हो । यो आयोजना सक्ने लक्ष्य अवधि लम्ब्याएर २०८९/९० पुर्‍याइएको छ ।

यसको लागत ५२ अर्ब ८९ करोड छ । हालसम्म ४२ प्रतिशतमात्र भौतिक प्रगति रहेको यो आयोजनामा अदालतमा विचाराधीन र मध्यस्थताको क्रममा रहेका ठेक्काको पूर्णफैसला र निर्णय नआउँदा ठेक्का रुग्ण हुने र प्रक्रिया अगाडि बढाउन असहज भएको सिँचाइ विभागले जनाएको छ ।

निर्माणका बेला पनि नदीजन्य पदार्थको निकासी बन्द हुने र समय सापेक्ष जग्गा प्राप्तिसम्बन्धी ऐन तथा नियमावली अभावले जग्गा अधिग्रहण प्रक्रिया झन्झटिलो, विवादित र लामो बन्ने गरेको समेत विभागको भनाइ छ । सिञ्चित क्षेत्रका रूपमा घोषणा भएका क्षेत्रमा 'ल्यान्ड युज प्लान' विना बस्ती विकासका कारण कृषि भूमि खण्डीकरणको मारमा समेत आयोजना पर्न थालेको छ ।

**महाकाली सिँचाइ आयोजना**

यो आयोजना २०६३/६४ बाट सुरु भएको हो । सरकारले २०७७ सालमा राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति गरिएको हो । यो आयोजना कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा छ । आयोजनाको लागत ३५ अर्ब रुपैयाँ छ ।

अहिलेसम्म २४.२५ प्रतिशतमात्र भौतिक प्रगति रहेको यो आयोजनाको पहिलो चरणको काम २०८२/८३ र दोस्रो चरणको काम २०८७/८८ सम्म सक्ने संशोधित लक्ष्य छ । यो आयोजनाबाट ३३ हजार ५ सय २० हेक्टर जमिनमा सिँचाइ पुग्ने जनाइएको छ ।

**कहाँ फसे आयोजना ?**

पूर्वअर्थ सचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सिँचाइ क्षेत्रका आयोजना पनि अन्य विकास आयोजना सरह समस्यामा फसेको उल्लेख गरेको छ ।

आयोगले आफ्नो प्रतिवेदनमा लेखेको छ, 'तराई लगायत समथर स्थानमा सिँचाइ विस्तारको सम्भावना छ । तर, सरकारले आवश्यक परियोजना अगाडि बढाउन सकेको छैन । कार्यान्वयनमा रहेका केही ठूला आयोजना पनि अन्य विकास आयोजनामा रहेका जस्तै समस्याका कारण तोकिएको समयभित्र सम्पन्न हुन नसक्दा किसानमा लाभ पुग्न सकेको छैन ।'

आयोगले राष्ट्रिय गौरवका आयोजनालाई आवश्यक बजेट विनियोजन गरी छिटो सम्पन्न गर्न सरकारलाई सुझाव दिएको छ । आयोगले भनेको छ, 'निर्माणाधीन रानी जमरा कुलरिया, बबईजस्ता आयोजना यथाशक्य छिटो सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्छ ।'

यसबाहेक सिँचाइको उच्च सम्भावना भएका स्थानमा सतह सिँचाइ विस्तार, पानी सञ्चयका लागि पोखरी र ताल निर्माण तथा अन्तरजलाशय स्थानान्तरण योजना अगाडि बढाउन समेत आयोगले सरकारलाई भनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# सिंहदरबारका ६२ धारामा अब मेलम्ची पानी

काठमाडौं/प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा बसेको सचिवहरूको बैठकले ८ वैशाखमा सिंहदरबारभित्रका सबै मन्त्रालयमा मेलम्ची पानी जडान गर्ने निर्णय गर्‍यो । उक्त निर्णयपछि १० वैशाखमा खानेपानीमन्त्री प्रदीप यादवले सिंहदरबारमा अब बोतल र जारको पानी बन्द गरिने बताए ।




सिंहदरबारभित्र मेलम्ची खानेपानी वितरण गर्न विभिन्न ठाउँ एवं धारा निर्माण गर्ने क्षेत्रको स्थलगत अनुगमनपछि मन्त्री यादवले वर्षौंदेखि सिंहदरबारमा प्रयोग गरिँदै आएको जार र बोतलको पानी अब सदाका लागि अन्त गरिने दाबी गरे । उनको दाबी अनुसार वैशाख अन्तिम सातासम्म सिंहदरबारमा मेलम्चीको सफा, शुद्ध पानी वितरण गरिने छ ।

**दैनिक ५ लाख ८० हजार लिटर आवश्यक, ६२ धारा तर "चेनब्रेक"**

मेलम्चीको पानी झार्ने भनिएको सिंहदरबारभित्रको अधिकांश धाराको 'चेनब्रेक' भएको छ । मेलम्ची खानेपानी वितरण गर्ने काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) का एक अधिकारीका अनुसार अधिकांश मन्त्रालयमा धारा जडान भए पनि पुराना धाराले काम गर्न नसक्ने स्थिति छ ।

'मन्त्रीज्यूले भनेपछि अहिले सिंहदरबारभित्रको धाराहरू मर्मत, जडानको कामले तीव्रता पाएको छ, तर पानी वैशाख मसान्तभित्र पुग्ने गरी आउँछ जस्तो लाग्दैन,' उनी भन्छन् । सिंहदरबारभित्र रहेको मन्त्रालय र प्रशासनिक कार्यालयलाई दैनिक ५ लाख ८० हजार लिटर खानेपानी आवश्यक पर्ने केयूकेएलका प्रवक्ता प्रकाश राई बताउँछन् ।

'अहिले केयूकेएलले बोरिङ र ट्यांकर मार्फत पानी पुर्‍याइरहेको छ तर खानेपानीको बाहिर जार, बोतलकै प्रयोग भइरहेको छ । मेलम्चीको पानी आउँदा सिंहदरबारभित्र खानेपानी पुर्‍याउन गाह्रो छैन । त्यही अनुसार नेटर्वकिङको काम भइरहेको छ,' राई भन्छन् ।

उनले सिंहदरबारभित्र साना-ठूला गरी ६२ धारा रहेको बताए । 'साना २२ वटा र ठूला ४४ वटा धारा छ । त्यहाँ पानी पठाउने हो भने माग धान्न मुस्किल छैन । तर, धारामा पानी नआउने, बिग्रेको हुन सक्छ । त्यसका लागि हामीले काम गरिरहेका छौं,' उनी भन्छन् । पूरै धाराको अवस्था अहिले नै सञ्चालन योग्य रहे-नरहेको उनले भन्न सकेनन् । प्रवक्ता राई भन्छन्, 'धारा मन्त्रालयहरूमा, सार्वजनिक स्थानमा पहिले जडान भइसकेका हुन् । अब जडान भएका धारा बिग्रेका भए मर्मत हुन्छ, नपुगे थप पनि हुन्छ । तर, पूरै नेटवर्क नै बिग्रेको छ भन्न मिल्दैन,' उनले भने ।

मन्त्री यादवले जोड दिएपछि अहिले केयूकेएलका प्राविधिक र मजदुर सिंहदरबारमा दैनिकजसो खटिरहेका छन् । यद्यपि, लामो समयदेखि पानी नआएको सार्वजनिक धाराहरू भद्रगोल अवस्थामा छन् ।

**मन्त्री भन्छन् : जार र बोतल पानी विस्थापित हुन्छ**

मन्त्री यादवले मेलम्ची पानी वितरण गर्न अनुगमन गर्दै जार र बोतल पानी निषेध नै गर्ने दाबी गरे । 'सिंहदरबारमा वर्षौंदेखि प्रयोग हुँदै आएका जार, बोतलको पानी विस्थापित गर्ने लक्ष्य अनुसार काम अगाडि बढिरहेको छ । यहाँ चाडै मेलम्चीको शुद्ध खानेपानी वितरण हुन्छ,' उनी भन्छन्, 'मेलम्चीको शुद्ध पानी उपलब्ध भएपछि सिंहदरबारमा हाल प्रयोग भइरहेको बोतल र जारको पानी क्रमश: विस्थापन गर्ने मेरो स्पष्ट योजना छ । शुद्ध पानी सबैको पहुँचमा पुर्‍याउन हामी एकजुट भई अघि बढ्नुपर्छ ।'

**चर्चाका लागि हतारमा धारा, तर अलपत्र**

केयूकेएलले सामाजिक उत्तरदायित्वका रूपमा सिंहदरबारमा अहिलेका धाराहरू जोडेको थियो । करिब ५ लाख खर्चिएर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय र प्रधानमन्त्री कार्यालय अघि यी धारा जोडिए पनि सेवा भने प्रवाह हुन सकेन ।

आगन्तुक, सेवाग्राही र कर्मचारीले नि:शुल्क खानेपानी पिउन सक्ने गरी जोडिएका धारा अहिले पनि अलपत्र छन् भने केहीमा खिया लागिसकेको अवस्था छ ।

खानेपानी मन्त्रालयको दाबी अनुसार यो धाराको पानी पूर्णरूपमा शुद्ध हुने र सोझै पिउन सकिने भनिएको थियो । चौबिसै घण्टा सञ्चालनमा आउने भनिएका ती धारामा न पानी आउँछ न सफा छ ।

सिंहदरबारमा मन्त्रीले उद्घाटन गरेका धाराहरू मात्रै होइन, प्रधानमन्त्रीले नै उद्घाटन गरेका धाराको पनि उही हालत छ । १ माघ २०८० मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले मेलम्ची पानी पुन: वितरण उद्घाटन गर्दा प्रधानमन्त्री कार्यालयअघि राखिएको धाराको हालत पनि अहिले उस्तै बेहाल छ ।

त्यतिबेला हतार-हतार उद्घाटनका लागि प्लाइउडको पर्खालमाथि परम्परागत इँटा पृष्ठभूमिको बुट्टेदार फ्लेक्स पेपर टाँसेर निरन्तर पानी खस्ने गरी धारा स्थापना गरिएको थियो । सिंदरबारभित्र ढुंगेधारा शैलीमा स्थापना गरिएको यो धारा अहिले पनि सञ्चालनमा आउन सकेको छैन ।

सरकारले सिंहदरबारबाट जार र बोतल पानी प्रयोग पूर्णरूपमा प्रतिस्थापन गर्ने योजना बनाएर काम थालेको साढे २ वर्ष भइसकेको छ । त्यस अनुसार नै मेलम्ची पानी वितरण थालिए पनि सरकारको योजना अनुसार काम हुन पाएको छैन ।

**अब्दुल खानको असफल प्रयास**

१७ चैत २०७९ मा सिंहदरबारमा पहिलो पटक खानेपानीका लागि सार्वजनिक धारा सञ्चालनमा ल्याइएको थियो । यी धारा राख्न जनमत पार्टीको सांसद रहेका तत्कालीन खानेपानीमन्त्री अब्दुल खानले पहल लिएका थिए ।

त्यतिबेला खानेपानी मन्त्रालयले सिंहदरबारबाट यस्तो धारा राख्न अभियान थाल्ने र क्रमैसँग काठमाडौंका सडक, पार्क, बसपार्क, सरकारी कार्यालय र सार्वजनिक स्थलमा विस्तार गर्दै लैजाने बताएको थियो । त्यतिबेला जनमत पार्टीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय माग गरेको थियो । त्यो मन्त्रालय नपाएपछि सिंहदरबारमा जडान भएका ३ वटा सार्वजनिक धारा उद्घाटनसँगै तत्कालीन खानेपानीमन्त्री खानले प्रधानमन्त्रीलाई राजीनामा बुझाएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# विपिन र मिरुना स्टारर 'ऊनको स्वीटर'को ट्रेलर सार्वजनिक




काठमाडौं/नवीन चौहानको लेखन तथा निर्देशनमा बनेको फिल्म 'ऊनको स्वीटर'को ट्रेलर सार्वजनिक गरिएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक चार मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पारेको छ । यसमा ब्राह्मण युवक र गुरुङ युवतीबीचको प्रेमलाई मियो बनाएर कथा भनिएको छ । ट्रेलर हेर्दा फिल्मको केन्द्रीय द्वन्द्व सामाजिक अन्तर्विरोध रहेको देखिन्छ ।

अभिनेता विपिन कार्की र अभिनेत्री मिरुना मगरले फोटो खिचाएको दृश्यबाट सुरु भएको ट्रेलर विपिनले क्यामराको रिल हेरेको दृश्यसँगै टुंगिएको छ । यसले फिल्मको कथा दुई दशकअघिको रहेको संकेत गर्छ । गुरुङ र ब्राह्मण समुदायको परम्परालाई समेत चित्रण गरिएको ट्रेलरमा गायक सुजन चापागाईं र गायिका झुमा लिम्बूको गीतको प्रयोग सशक्त रुपमा भएको छ ।

ट्रेलर रिलिज कार्यक्रममा निर्देशक चौहानले फिल्मको कथा पाँचथरदेखि भारतको पश्चिम बङ्गालको सीमासम्म फैलिएको बताए । फिल्म बनाउने सपना बोकेको क्षणदेखि ट्रेलर सार्वजनिक गर्नेसम्मको यात्रा निकै चुनौतीपूर्ण रहेको स्मरण गर्दै उनले इमानदार भएर राम्रो फिल्म बनाउने प्रयास गरेकाले दर्शकलाई मनपर्ने विश्वास व्यक्त गरे ।

बैशाख २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा विपिन र मिरुनासहित एलेक्स पारस, परीक्षा लिम्बू, सुरज तमु, भावना खपाङ्गी, विल्सन विक्रम राई, सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा लगायतको अभिनय छ । आर्टमाण्डूको निर्माण रहेको फिल्मलाई चिन्तनराज भण्डारीले छायांकन गरेका हुन् । फिल्ममा समावेश 'काफ्ले' बोलको गीत यतिबेला निकै चर्चामा छ ।

# सिक्किममा 'जार'को प्रिमियर हुने, त्यसपछि सिलिगुडीमा



काठमाडौं/यही बैशाख २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'जार'को प्रिमियर नेपाली भाषीको बाहुल्यता रहेको भारतीय सहर सिक्किममा गरिने भएको छ । बुधवार साँझ ५ बजे सिक्किमको प्रशासनिक जिल्ला गान्तोकस्थित बज्र सिनेमा हलमा प्रिमियर हुन लागेको हो । त्यसका लागि मंगलबार फिल्मको टिम सिक्किम प्रस्थान गरेको छ ।

निर्देशक फुर्वा छिरिङ लामा, कार्यकारी निर्माता त्रिलोचन पाण्डे, अभिनेताद्वय सौगात मल्ल, अनुपविक्रम शाही र गायिका तथा संगीतकार झुमा लिम्बू काठमाडौंबाट हवाई मार्ग हुँदै झापा ओर्लिएर सिक्किम प्रस्थान गरेका हुन् । फिल्मको छायांकन सिक्किममै भएकाले प्रिमियर पनि त्यही आयोजना गर्न लागिएका हो ।

सिक्किमपछि शनिबार सिलिगुडीमा फिल्मको दोस्रो प्रिमियर राखिएको छ । प्रिमियरमा स्थानीय दर्शकसँग फिल्म हेरेर कलाकार तथा निर्माण टिमले प्रतिक्रिया लिनेछ भने दार्जिलिङमा पनि फिल्मको प्रचारात्मक कार्यक्रम रहेको निर्देशक लामाले बताए । भारतीय मुलका नेपाली भाषी साहित्यकार इन्द्रबहादुर राईको कथा 'जार : भएकै एउटा कथा'मा आधारित रहेर बनेको फिल्ममा सौगात र अनुपविक्रमसँगै भारतीय राष्ट्रिय चलचित्र पुरस्कार विजेता अभिनेत्री गीताञ्जली थापाको प्रमुख भूमिका छ । सरवानन इलावार्सुको छायांकन रहेको 'जार'मा अखिलेश राईको सम्पादन छ । फिल्मको कथा २२५ वर्ष अगाडिको हो ।

# व्यवसाय र कलाकारिता हुँदै निर्माता बनेका ध्रुव

काठमाडौं/आगामी जेठ ९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको एक्सनप्रधान फिल्म 'नरसिंहा अवतार'का निर्मातामध्येका एक हुन्, ध्रुव न्यौपाने । यो उनले निर्माण गरेको पहिलो फिल्म भने होइन । यसअघि उनले 'हिरो रिटर्न्स' र 'मायावी' गरी दुई फिल्मको निर्माण गरिसकेका छन् । तर, दुर्भाग्य ! दुवै फिल्म व्यावसायिक रुपमा सफल भएनन् । 'नरसिंहा अवतार'बाट भने उनी आशावादी छन् ।

व्यावसायिक पृष्ठभूमिका उनलाई खासमा बाल्यकालदेखि नै फिल्मको हिरो बन्ने रहर थियो । तर, त्यो रहर भेटिने गन्तव्यको बाटो उनलाई थाहा थिएन । कसैको सहारा लिएर अघि बढ्न पनि कोही चिनेको मानिस थिएनन् । यसैले आफ्नो रहरलाई एकातिर थन्काएर उनी व्यवसायमा अगाडि बढे । अन्तत: त्यसले नै उनको कलाकार बन्ने सपना पनि पूरा गर्‍यो ।

नयाँ बानेश्वरमा रोजमेरी क्याफे खोलेपछि त्यहाँ आउने कलाकार र फिल्मकर्मीले उनलाई रंगीन दुनियाँ आउन हौसाए । त्यसपछि उनले ५० भन्दा बढी म्यूजिक भिडियोमा काम गरे । 'प्लान', 'सन्त्रास', 'पायल' जस्ता आधा दर्जन फिल्ममा पनि देखिए । तर, कोभिड-१९ महामारी सुरु भएपछि उनको कलाकारिता यात्रा अवरुद्ध भयो । यसपछि नै हो, उनी मेकरको रुपमा उदाएका ।

ध्रुव भन्छन्, 'कोरोना महामारीपछि कलाकार भन्दा पनि निर्माता बन्ने योजना बनाएँ । केही म्यूजिक भिडियो र फिल्ममा काम गरेर रहर पूरा गरेँ जस्तो लाग्यो । अब व्यावसायिक दृष्टिकोणले अघि बढ्ने सोचले 'हिरो रिटर्न्स' बनाएँ । तर, फिल्म चलेन । हुन त कुन फिल्म कहिले चल्छ भन्न सकिँदैन । हामीले त आफूलाई राम्रो लागेको फिल्म बनाउने न हो ।'

दोस्रो फिल्म 'मायावी'बाट पनि असफलता भोगेका ध्रुव 'नरसिंहा अवतार'ले भने बक्स अफिसमा राम्रो गर्नेमा विश्वस्त छन् । 'अब म निर्माता मात्रै होइन, मेरो फिल्म करिअरको दोस्रो इनिङमा राम्रो प्रोडक्सन हाउस सञ्चालन गर्ने योजना पनि लिएर आएको छु । लाइट आइसकेको छ, क्यामरा आउँदैछन्,' उनी भन्छन् । प्रोडक्सन हाउसबाट वर्षेनि एउटा फिल्म निर्माण गर्ने उनको योजना छ ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सडक प्रदेश सरकारको पहिलो प्राथमिकता: मन्त्री काफ्ले

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ बागमती प्रदेश सरकारको लगानीमा दोलखाका दुई सडक कालोपत्रे हुने भएको छ । दोलखाको शैलुङ गाउँपालिका र मेलुङ गाउँपालिका जोड्ने सडक कालोपत्रे हुने भएको हो ।

तामाकोशी गाउँपालिका-१, भीरकोट हुँदै वैत्यश्वर गाउँपालिका जोड्ने सडक कालोपत्रे गर्ने तयारी भएको हो । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालय दोलखामार्फत् दुई मुख्य सडक कालोपत्रेका लागि बोलपत्र आह्वान गरिएको छ । पूर्वाधार कार्यालयले १६ करोड १० लाख रुपैयाँ बजेटमा टेन्डर आह्वान गरेको हो । करिब तीन दशक पुरानो भीरकोट-झुले-छौडे सडक कालोपत्रे नहुँदा यातायात सञ्चालन गर्न असहज भएको थियो ।



सडक कालोपत्रे भएपछि तामाकोशी वैत्यश्वर र जिरीका स्थानीयलाई आवागमन सहज हुनेछ । यो सडकको ठेक्का आह्वान भएपछि सडक कालोपत्रे हुनेमा आशावादी रहेको तामाकोशी गाउँपालिका-१, भीरकोटस्थित नारायणी माध्यमिक विद्यालयका शिक्षक सन्तोष कार्कीले बताए । सडक निर्माण नहुँदा सार्वजनिक यातायातसमेत वैकल्पिक मार्गबाट चल्न थालेपछि स्थानीयले सास्ती बेहोर्नु परेको थियो । गाउँमा उत्पादन गरिएका तरकारी तथा फलफूल बजारसम्म पुऱ्याउन सहज हुने भन्दै स्थानीय खुशी भएका हुन् । प्रदेश सरकारकै लगानीमा यो सडकको कालीदहबाट एक किलोमिटर सडक ढलानकार्य धमाधम भइरहेको छ ।

कार्यालयले मुडे-मेलुङ सडकको भैँसे-बुद्धचोक खण्ड कालोपत्रेका लागि १६ करोड १० लाख रुपैयाँमा टेन्डर आह्वान गरेको छ । उच्चप्रविधिको कालोपत्रे गरिने पूर्वाधार विकास कार्यालय दोलखाका प्रमुख हरिप्रसाद ओझाले बताए । यो सडकको पहिलो खण्ड मुडे-बाघखोर-कालापानी नौ किलोमिटर सडक कालोपत्रे गर्ने काम अन्तिमचरणमा पुगेको छ । दोलखाको मुख्य पर्यटकीयस्थल शैलुङ प्रवेश गर्ने सडक कालोपत्रे भएसँगै सिन्धुपाल्चोक-मुडे हुँदै शैलुङ आवतजावत गर्न सहज हुनेछ । कार्यालयले जिरी-चेर्दुङ सडकको स्तरोन्नतिका लागि पनि पाँच करोड रुपैयाँमा टेन्डर आह्वान गरिसकेको छ ।

प्रदेश सरकारको लगानीमा दोलखामा दुईवटा सडक कालोपत्रे सम्पन्न भएका छन् । भौगोलिकरुपमा विकट रहेको कालिञ्चोक गाउँपालिका हुँदै बिगु गाउँपालिकासम्म पुग्ने सुनखानी-साङ्बा १५ किलोमिटर सडक कालोपत्रे गरिएको हो । सडक कालोपत्रे गरिएसँगै कालिञ्चोक गाउँपालिका र बिगु गाउँपालिकाबीच यात्रा सहज भएको छ । त्यसैगरी प्रदेश सरकारकै लगानीमा चरीकोट-देउराली करिब पाँच किलोमिटर सडक कालोपत्रे तथा ढलान गर्ने कार्य सम्पन्न भएको छ । यो सडक कालोपत्रे भएपछि धार्मिक तथा पर्यटकीय क्षेत्र कालिञ्चोक भगवती मन्दिर दर्शन गर्न आउने पर्यटकलाई सहज भएको स्थानीयले बताएका छन् ।

सोही सडक हुँदै देउरालीदेखि कालिञ्चोक पुग्ने बाँकी सडकखण्डको निर्माण धमाधम भइरहेको छ । पूर्वाधार विकास कार्यालयअन्तर्गत दोलखाका करिब एक दर्जन ठुला सडक आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने गरी काम भइरहेको कार्यालयले जनाएको छ । दोलखाको वैत्यश्वर गाउँपालिका हुँदै गौरीशंकर गाउँपालिका जोड्ने मुख्य सडक सिद्धाको थान-जुँगु-झ्याँकु सडकमा स्तरोन्नति भइरहेको छ । लामोसाँघु-जिरी सडकखण्डको मकैबारी खण्डबाट देउरालीसम्म कालोपत्रे भएको छ । यो सडक खण्डको सुस्पा क्षमावतीको पानीघाटसम्मको सडक विस्तार सम्पन्न भइसकेको छ ।

चालु आवमा दोलखामा कार्यालय स्थापना भएसँगै जिल्लामा ठेक्का लागेर अलपत्र रहेका सडकलाई कार्यालयले पटकपटक ताकेता गरेर निर्माण सुरु गराएको कार्यालय प्रमुख ओझाले बताए । पटकपटक म्याद थप्दा पनि निर्माण सम्पन्न नगर्ने व्यवसायी र फर्मलाई कालोसूचीमा राख्ने तथा कारबाहीको प्रक्रिया अगाडि बढाउने योजना रहेको कार्यालय प्रमुख ओझाले बताए । प्रदेश सरकारको लगानीमा सिँगटी-लादुक-बुलुङ सडक निर्माण भइरहेको छ ।

त्यसैगरी प्रदेश सरकारकै लगानीमा दुईवटा पुल निर्माण सम्पन्न र बाँकी तीनवटा पुल निर्माणाधीन रहेको कार्यालयका इन्जिनियर टंक तिवारीले बताएका छन् । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले सडकलाई पहिलो प्राथमिकता दिइएको बताएका छन् । उनले निर्माणमा अघि बढेको भन्दै संघीयतापछि जिल्लाबाट गुमेको कार्यालय चालु आवमा नै स्थापना भएको र कार्यालय स्थापनासँगै विकास निर्माणको काममा सहज भएको उल्लेख गरे । शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, विज्ञानप्रबिधि जस्ता क्षेत्रको विकासका लागि प्रदेश सरकारले दोलखामा उल्लेखनीय काम गर्दै आएको मन्त्री काफ्लेले बताए ।

# सरकार बिचौलियाहरुको हितमा निर्भर रहेको टिप्पणी




साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ नेकपा (माओवादी केन्द्र) का उपमहासचिव शक्तिबहादुर बस्नेतले दलबिहीनहरुले गलत मनसाय सहित राजनीतिक दल खत्तम भन्ने भाष्य स्थापित गर्ने कोशिस गरिरहेको बताएका छन् ।

दलहरुका विकल्प हुन्छन्, निर्विकल्प छैनन् यसैले सबै गलत भन्ने भाष्यबाट मुलुकलाई बचाएर लैजाउनु पर्ने नेता बस्नेतको भनाई छ । मंगलबार हेटौंडाको बस्तीपुरमा आयोजित नेपाल शैक्षिक स्वयंसेवी संगठनको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता बस्नेतले भने, 'राजनीतिक दल र लोकतन्त्र आपसमा अन्तर सम्बन्धित छन् । दलहरु कमजोर हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो । यसैले पनि यसबाट सचेत हुँदै दलभित्रका कमजोरीलाई स्वीकार्दै, सच्याउककदै अगाडि बढ्नु पर्छ ।'

नेता बस्नेतले सरकार बिचौलियाहरुको हितमा निर्भर रहेको टिप्पणी गरेका छन् । सरकारबाट एमालेले फाइदा लिने कि काग्रेसले लिने ? भन्ने गलत किसिमको होडबाजी चलिरहेको नेता बस्नेतले दाबी गरेका छन् । त्यसैगरी सम्मेलनलाई सम्बोधन गर्दै नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवम् खेलकुद महासंघका फ्याक्सन ईन्चार्ज दीपक कोईरालाले शैक्षिक स्वयंसेवीहरुले आफूलाई समाजवादी सेनाको रुपमा विकास गर्नुपर्ने बताए ।

बागमती प्रदेशका पूर्व सामाजिक विकासमन्त्री कुमारी मोक्तानले समाजवाद र सुशासनको बाहक संगठनको रुपमा सम्मेलनले निर्देशित गर्ने विश्वास व्यक्त गरिन् । माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् मकवानपुर ईन्चार्ज विजय गौतमले विचारबिहीन युवा लगामबिनाको घोडाजस्तै भएकोले युवालाई सहि विचार र दृष्टिकोणयुक्त बनाउन सम्मेलन फलदायी हुने बताए ।

नेपाल शैक्षिक स्वयम्सेवी संगठनको प्रथम राष्ट्रिय सम्मेलन आयोजक समितिका अध्यक्ष केशव महर्जनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का बागमती प्रदेश उपाध्यक्ष प्रेमबहादुर पुलामी, मकवानपुर जिल्ला संयोजक भीम पाखिन, जिल्ला सचिव बीर बहादुर घलानलगायत नेता कार्यकर्ताको उपस्थिति रहेको थियो । सम्मेलनले केशव महर्जनको अध्यक्षतामा २७ सदस्यीय समिति निर्वाचित गरेको छ ।

जसको उपाध्यक्षमा बबिता कटुवाल, किरण गिरी, टेकबहादुर थापा, महासचिवमा भीमराज खड्का, सचिवमा सीता नेपाली, शिवकुमार त्वत, बिकेन्द्र महर्जन, उपेन्द्र घिमिरे, ईश्वर लामिछाने, भूमिका मगर, कोषाध्यक्षमा दामोदर बस्नेत लगायत निर्वाचित गरेको छ । सम्मेलनमा देशभरबाट करिब १०० जना प्रतिनिधि सहभागी भएको संगठनका बागमती प्रदेश अध्यक्ष ईश्वर लामिछानेले बताए ।

# महिला गोल्डकपको तयारी पूरा, उत्कृष्ट खेलाडीले स्कुटर पाउने

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ सातौं सहिद स्मृति स्थानीय तह राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगिता यही वैशाख १९ गतेदेखि आयोजना हुने भएको छ ।

छैटौं संस्करणसम्म पुरुष गोल्डकप गर्दै आएको जिल्ला फुटबल संघ मकवानपुरले यसपटक महिला गोल्डकप गर्न लागेको हो । मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै संघले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको छ । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा हुने प्रतियोगितामा तीन विभागीय टोलीहरु एपीएफ क्लब, त्रिभुवन आर्मी र नेपाल पुलिस क्लब सहित ८ वटा क्लवको सहभागिता रहने जानकारी गराइएको छ ।




अन्य क्लवहरुमा मकवानपुरको रिगल हेटौंडा रिसोर्ट, एन्फा, बीरगंज युथ एकेडेमी, नवजनजागृति युवा क्लव सिमरा बारा, रौतहट जिल्ला महिला टिम र चितवन जिल्ला महिला टिमको सहभागिता रहनेछ । प्रतियोगिताको विजेताले ५ लाख र उपविजेताले ३ लाख नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीलाई बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँको तर्फबाट स्कुटर पुरस्कार रहेको छ ।

प्रतियोगिता सञ्चालनका लागि हेटौंडा उपमहानगरपालिकाले २५ लाख, बागमती प्रदेश खेलकुद विकास परिषद्ले १५ लाख, भीमफेदी गाउँपालिका र कैलाश गाउँपालिकाले तीन/तीन लाख आर्थिक सहयोग गरेका छन् । यस्तै, शिवम् सिमेन्ट लिमिटेड, लिशन फार्मेसी चौघडा, रियल हेटौंडा रिसोर्ट, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट र बीमा साझेदारको रुपमा एनएलजी इन्सुरेन्स रहेका छन् ।

प्रतियोगिता सञ्चालनका लागि ६१ लाख लाग्ने आयोजकको अनुमान रहेको छ । स्थानीय पर्यटन प्रवर्द्धन, महिला सशक्तीकरण, तथा राष्ट्रिय खेलकुदको विकासमा टेवा पुऱ्याउने विश्वासका साथ प्रतियोगिता आयोजना गरिएको जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टीका लामाले बताए ।

# रुखले च्यापिएर लिम्बुको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ मकवानपुरको बागमतीमा रुखले च्यापिएर एक जनाको मृत्यु भएको छ ।

बागमती गाउँपालिका-३ देउजोरस्थित सूर्यकिरण सामुदायिक वनमा ठेक्कामा रुख काट्ने क्रममा सोमवार साँझ इलाम नगरपालिका-९ बस्ने ४६ वर्षीय दिलकुमार लिम्बूको रुखले च्यापिएर मृत्यु भएको हो ।

रुखले च्यापिएर मृत्यु भएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । राति नै घटनास्थल पुगेर प्रहरीले घटनास्थल सुरक्षित राखी थप अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिएका छन् ।

# सेयर धितो कर्जा बढिरहँदा बजार सुस्त, कहाँ गयो पैसा ?

काठमाडौं/अन्य क्षेत्रमा कर्जा विस्तार खुम्चिरहेका बेला सेयर धितोमा गइरहेको कर्जा उत्साहजनक छ । असार मसान्तसम्मको तुलनामा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म आउँदा कुल कर्जाको वृद्धिदर जम्मा ६ प्रतिशत छ ।

तर सेयर धितोमा गएको कर्जाको वृद्धिदर भने ३१.५ प्रतिशत बढेको राष्ट्र बैंकको तथ्यांक छ । गत साउन मसान्तसम्म कुल ९० अर्ब ९ करोड रुपैयाँ सेयर धितो कर्जा प्रवाह भएको थियो । फागुन मसान्तसम्म यो कर्जा बढेर १ खर्ब १८ अर्ब ५० करोड रुपैयाँ पुगेको छ ।

सामान्यत: सेयर धितो कर्जामा गएको रकम बजारमै परिचालन हुने गर्छ । तर कर्जा बढ्दै जाँदा पनि बजार भने बढ्न सकेको छैन । साउन ३१ गते बजारको परिसूचक नेप्से ३ हजार अंकसम्म पुगेको थियो, जतिबेला सेयर कर्जा ९१ अर्ब ४४ करोड प्रवाह भएको थियो । फागुनसम्म आउँदा यस्तो कर्जा रकम १ खर्ब १८ अर्ब ५० करोड पुगेको छ । तर फागुन मसान्तमा बजार भने घटेर २७३६ अंकमा झरेको छ । वैशाख मध्यसम्म आउँदा सेयर कर्जा अझै बढेको अनुमान छ, तथ्यांक आइसकेको छैन । तर बजार परिसूचक २६४७ अंकमा झरेको छ ।

यसले सेयर धितोमा लिएको कर्जा रकम अन्यन्त्र पनि परिचालन भएको अनुमान छ । 'सेयर धितो राखेर लिए पनि सो कर्जा अन्य क्षेत्रमा लगानी गर्न वा चाहेको क्षेत्रमा खर्च गर्न पाइन्छ' एक बैंकका कर्जा विभाग प्रमुखले भने 'तर कर्जा लिने बेला फारममै प्रयोजन खुलाउनुपर्ने व्यवस्था छ ।' सेयर धितोमा गएको कर्जा तथ्यांक बढे पनि सेयर खरिद प्रयोजनमै नबढेको हुन सक्ने उनले बताए ।

पछिल्लो समय विभिन्न सहकारीमा आएको समस्या, घर जग्गा क्षेत्रको समस्याका कारण सेयर धितो राखेर समस्या समाधानका लागि पनि कर्जा गएको हुन सक्ने अनुमान छ । स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पूर्व अध्यक्ष भरत रानाभाट राजनीतिक माहोल र गभर्नर नियुक्तिको विषयले अहिले बजारमा केही प्रभाव परेको तर बजारबाट पैसा अन्यन्त्र नगएको दाबी गर्छन् ।

'बजारबाट पैसा अन्यन्त्र गएको छैन, कारोबार रकम सन्तोषजनक नै देखिन्छ, तर केही राजनीतिक माहोल र गभर्नर नियुक्तिका विषयलाई लगानीकर्ताले पर्खिएजस्तो देखिन्छ' उनले भने । सानाभन्दा ठूला लगानीकर्ताको सेयर कर्जा उच्च दरले बढेको र ती लगानीकर्ता संस्थागत रहेको उनको भनाइ छ । ठूलो कर्जा भनेकै संस्थाले लिएको कर्जा हो । यस्तो रकम बजारमै आउने र अन्य क्षेत्रमा लैजाने वातावरण नरहेको रानाभाट बताउँछन् ।

'यतिबेला घरजग्गा तथा अन्य व्यवसाय राम्रोसँग चल्न सकेको छैन, त्यसकारण सेयर धितो राखेर ती क्षेत्रमा कर्जा जाने सम्भावना म देख्दिनँ' उनले भने 'कर्जा लिनका लागि सेयर धितो धेरैले विकल्पका रुपमा लिएका हुन्छन् ।' यतिबेला बजार पनि न्यून विन्दुमै रहेको र ब्याजदर पनि सस्तो रहेकाले सेयर कर्जा बढ्नु स्वभाविक रहेको उनको भनाइ छ । धितो राखिने सेयरको पछिल्लो १८० दिनको औसत मूल्य वा पछिल्लो बजार मूल्यमध्ये जुन थोरै हुन्छ, सोही रकमको ७० प्रतिशतसम्म बैंकहरुले कर्जा दिन सक्ने व्यवस्था छ ।

# मोवाइल व्यवसायी महासंघको केन्द्रीय साधारणसभा हेटौंडामा हुने

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ मकवानपुर मोवाइल एसोसिएसनको संयोजनमा नेपाल मोवाइल व्यवसायी महासंघको चौंथो केन्द्रीय साधारणसभा यही बैशाख २६ र २७ गते हेटौंडामा हुने भएको छ ।

हेटौंडास्थित रोयल पार्टी प्यालेसमा हुने साधारणसभाको बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले उद्घाटन गर्ने बताइएको छ । संघले मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै साधारण सभाको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । संघका केन्द्रीय उपाध्यक्ष एवम् साधारणसभा संयोजक छतेन्द्र आचार्यले साधारणसभामा मोवाइल व्यवसायीका विभिन्न मुद्दामा छलफल हुने बताएका छन् ।




मोवाइल व्यवसायीका समस्या, समाधानका उपाय, अवसर र चूनौतीका विषयमा साधारणसभा केन्द्रित रहने उनले बताए । मोवाइल बिक्रीमा देखिएको अस्वभाविक प्रतिस्पर्धाले व्यवसायमा पारेको असरलाई कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा पनि गहन छलफल गरिने संयोजक आचार्यले बताए । साधारणसभामा सभाहल बाहिर मोवाइल कम्पनी तथा एसोसेरिजको दशवटा स्टल रहने छ । उद्घाटनको दिन बिहान प्रभातफेरी आयोजना गरिने आयोजकले जनाएको छ । कार्यक्रम सम्पन्न गर्नका लागि करिब २० लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । देशभरबाट एकहजार व्यवसायी साधारणसभामा उपस्थित हुने जनाइएको छ ।

# बागमतीमा २२ वटा पशुस्वास्थ्य क्लिनिक निर्माण



साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ बागमती प्रदेशमा २२ वटा पशुस्वास्थ्य क्लिनिक निर्माण भएका छन् । बागमती प्रदेश सरकारले गत आर्थिक वर्ष २०७९/८० को बजेटमा समावेश गरिएको 'एक वडा एक पशुस्वास्थ्य क्लिनिक' कार्यक्रमअन्तर्गत हालसम्म २२ वटा पशुस्वास्थ्य क्लिनिक निर्माण गरेको हो ।

सरकारले प्रदेशभित्र पशुस्वास्थ्य सेवा पुग्न नसकेका ३० स्थानमा पशुस्वास्थ्य क्लिनिक स्थापना गर्ने निर्णय गरे पनि ४ स्थानमा विभिन्न कारणले निर्माण रोकिएको छ भने ४ वटा निर्माणाधीन छन् । बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले हालसम्म चितवनमा ४ वटा, मकवानपुरमा ३ वटा, सिन्धुलीमा २ वटा, रामेछापमा २ वटा, दोलखामा ३ वटा, सिन्धुपाल्चोकमा ३ वटा र काभ्रेमा ५ वटा पशुस्वास्थ्य क्लिनिक निर्माण गरिसकेको मन्त्रालयका पशुपन्छी विकास महाशाखाका पशुअधिकृत डा.सुवास क्षेत्रीले जानकारी दिए ।

डा क्षेत्रीका अनुसार बागमती प्रदेशको धादिङमा भने ४ वटा पशुस्वास्थ्य क्लिनिक निर्माणाधीन रहेका छन् । धादिङमा निर्माणाधीन पशुस्वास्थ्य क्लिनिकको भवन निर्माण अन्तिमचरणमा पुगेको डा. क्षेत्रीले बताए ।

३० स्थानमा पशुस्वास्थ्य क्लिनिक निर्माण गर्ने प्रदेश सरकारको तयारी रहेपनि ललितपुरमा ठेक्का नै नपरेको र नुवाकोटमा आवश्यक जग्गा उपलब्ध नहुँदा निर्माण रोकिएको उनले बताए ।

प्रदेशमा पशुपन्छीको संख्या बढी भएको ठाउँ र भेटेरिनरी विज्ञकेन्द्रको पहुँचबाट टाढा रहेका गाउँमा क्लिनिक स्थापना भएको मन्त्रालयका प्रवक्ता सुजन कँडेलले जानकारी दिए । 'क्लिनिकमा एकजना पशुस्वास्थ्य प्राविधिक सहितका कर्मचारी रहनेछ' कँडेलले भने, 'यहाँ पशुपन्छीको सबैखालको उपचार उपलब्ध हुनेछ ।' क्लिनिक स्थापना भएपछि प्रदेशका विकट ग्रामीण भेगका किसान लाभान्वित हुने उनले बताए । पशुस्वास्थ्य क्लिनिक निर्माणका लागि छुट्टयाइएको १५ करोड रुपैयाँको बजेटमा एउटा पशुस्वास्थ्य क्लिनिक निर्माणमा ५० लाख खर्च भएको प्रवक्ता कँडेलले बताए ।


## वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस श्री निर्माण व्यवसायी उपभोक्ता सहकारी संस्था लि.को ७ औं वार्षिक साधारण सभा यही मिति २०८२।०१।२० गते शनिबार रहेको हुँदा सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**
**मिति** : २०८२।०१।२० गते शनिबार
**स्थान** : निर्माण व्यवसायी संघ, मकवानपुरको सभाहल
**समय** : बिहान ११:०० बजे ।

**श्री निर्माण व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-४, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना